**जिउनु एक काल्पनिकीझैं**

सुवास खनाल

मलाई मेरा अभावहरू
दुनियाँमै शक्तिशाली छन् जस्तो लाग्छ

हुन त
मान्छेले जित्दै छ प्रकृतिलाई
उसले अन्तरीक्ष डुलेको छ
समुन्द्रका गहिराइहरू भेटेको छ
अधिनमा राख्न सक्छ- ऊ सबै प्राणीहरू
इच्छाअनुसार चलाउन सक्छ-सबै स्थापित शक्तिहरू
तर
मलाई
श्रम गर्दागर्दै पनि
खान नपाएको दिन
हाइड्रोजन बमभन्दा शक्तिशाली
मेरो भोक हो जस्तो लाग्छ

मान्छे नै  इज्जतदार छ
ऊ आफ्नो सम्मान चिन्दछ
प्रतिष्ठाको ख्याल गर्छ
उसलाई थाहा छ -राम्रो,नराम्रो
उसले चिन्छ -घटीबढी
तर
जब म
फाटेका लुगाहरू सिउन
सियो र धागो किन्न सक्दिन
त्यसदिन
मलाई इज्जतको कुनै परिभाषा हुन्नजस्तो लाग्छ

जब म मेरो घरको चुहिने छानो सम्झिन्छु
जब म घरका रित्ता पाथी र माना सम्झिन्छु
जब म आमाको च्यातिएको मजेत्रो सम्झिन्छु
जब म दीदीको गरिबीले रङ उडाएको वैंश सम्झिन्छु
मलाई मेरा अभावहरू
दुनियाँमै शक्तिशाली छन् जस्तो लाग्छ

हुन त
मरणपछि पनि केही दिन कृत्रिम बाँच्न सकिन्छ
क्लोनिङ गरेर फेरि, आफैं जन्मिन सकिन्छ
तर
म
सम्झिरहेछु
उपचार गर्ने खर्च नभएर
जिउँदै जलाएर आएको
आफ्नो बाबाको तेजिलो अनुहार
त्यसदिन म एकपटक मरिसकेको छु

जबजब
मान्छेका अमर कथाहरू सुन्छु

टाढा कहीँ इन्द्रेणीका रङहरू हेर्छु
मलाई जीवनप्रति मोह जाग्छ
तर
जबजब
म आफ्ना अभावहरू सम्झिन्छु
आफ्नो यथार्थको नजिक हुन्छु
जिउनु एउटा काल्पनिकीझैँ लाग्छ
वा
नगरेको अपराधको सजायझैँ लाग्छ ।

subaspoet@gmail.com
छतिवन -८,पावस,मकवानपुर